जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४३ अंक ४५ २०८२ साल असार १५ गते आइतवार (29 June 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** दुई महिना अघि कारागारबाट ... **पृष्ठ ३ मा :** मौद्रिक नीति केवल ... **पृष्ठ ४ मा :** सबै रोजगारदाताहरु श्रमिकको ... **पृष्ठ ५ मा :** फ्रान्समा सार्वजनिक ...

## सप्तरीका १३ स्थानीय तहले बजेट ल्याउन सकेन

**राजविराज**/सप्तरीका १३ स्थानीय तहले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि तोकिएको समयभित्र बजेट ल्याउन सकेका छैनन् ।

राजविराज, डाक्नेश्वरी र हनुमाननगर कंकालिनी नगरपालिकाले हालसम्म सभाका लागि प्रक्रिया सुरु गरेका छैनन् भने अग्निसाइर कृष्णासवरन गाउँपालिकाले सोमबार गाउँसभा बोलाएको थियो, तर सभाका सदस्यहरू उपस्थित भएनन् ।

खडक र शम्भुनाथ नगरपालिकासहित तिरहुत, महादेवा, विष्णुपुर र छिन्नमस्ता गाउँपालिकाले केही दिनअघि नीति तथा कार्यक्रम प्रस्तुत गरी सभा उद्घाटन गरेका छन्, तर बजेट ल्याउने विषयमा अझै टुंगो लागेको छैन ।

सुरुङ्गा, सप्तकोशी र कञ्चनरुप नगरपालिकाले सभा जारी राखे पनि राति ८ बजेसम्म बजेट पेश गर्न सकेका छैनन् ।

अर्कोतर्फ एक नगरपालिका र चार गाउँपालिकाले तोकिएको समयमा बजेट ल्याएका छन् । ती मध्ये बोदे बरसाइन नगरपालिकाले आगामी आर्थिक वर्षका लागि ९२ करोड २१ लाख ७ हजार रुपैयाँको बजेट ल्याएको छ । यसमा कृषि, रोजगार, स्वास्थ्य, शिक्षा र विपन्न लक्षित क्षेत्रलाई प्राथमिकता दिइएको छ ।

बलान बिहुल गाउँपालिकाले पनि ५४ करोड ३८ लाख २८ हजार रुपैयाँको बजेट ल्याउँदै कृषि र रोजगार क्षेत्रमा जोड दिएको छ ।

त्यस्तै तिलाठी कोइलाडी गाउँपालिकाले ४३ करोड ८४ लाख १९ हजार रुपैयाँ, रुपनी गाउँपालिकाले ४८ करोड ५५ लाख ४३ हजार ४ सय ३१ रुपैयाँ, र राजगढ गाउँपालिकाले ४९ करोड १५ लाख ७७ हजार ६ सय ६३ रुपैयाँको बजेट ल्याएर कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।

## हत्याको आरोपमा सुनसरीबाट पक्राउ परेकी युवती साथीले स्विकारे कसुर



**राजविराज**/सप्तरीको डाक्नेश्वरी नगरपालिका ८ का ३२ वर्षिय राजकुमार खंगको हत्यामा गाउँकै एक युवतीको संलग्नता रहेको खुलासा भएको छ ।

आफ्नो पत्नी हुँदा हुँदै परस्त्री संगको जबरजस्ती अवैध सम्बन्धका कारण हत्या भएको प्रहरी अनुसन्धानबाट खुलेको हो ।

तीन दिन अघि राजकुमारको चक्कु प्रहार गरी घाँटी रेटेर हत्या गरिएको थियो । हत्या गरी फालिएको उनको मृत शरीर प्रहरीले बिहीवार बिहान डाक्नेश्वरी नगरपालिका ८ तथा राजगढ गाउँपालिका ४ को बीच सिमामा पर्ने लबका पोखरी किनारबाट अर्धनग्न अवस्थामा फेला पारेको थियो ।

हत्याको अनुसन्धानका क्रममा प्रहरीले डाक्नेश्वरी नगरपालिका ९ की २१ बर्षीया तुलसी देवी सरदारलाई छिमेकी जिल्ला सुनसरीको इनरुवा नगरपालिका ९ वबिया टोलबाट पक्राउ गरेको हो ।

शुक्रवार कर्तव्य ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतमा पेश गरी उनलाई ५ दिनको म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

उनको साथबाट मृतक राजकुमारको मोवाईल तथा उनकै बयानका आधारमा हत्यामा प्रयोग गरिएको चक्कु लुकाएको ठाउँ घट्नास्थल नजिकै रहेको लवका पोखरीबाट बरामद गरिएको प्रहरी नायव उपरीक्षक बस्नेतले जानकारी दिए ।

प्रारम्भिक बयानमै तुलसीले अपराध स्वीकारेको उनको भनाई छ । थप कुरा अनुसन्धान टुङ्गयाएपछि सार्वजनिक गर्ने उनले बताए ।

स्रोतका अनुसार तुलसीका श्रीमान रोजगारीका शिलशीलामा लामो समयदेखि विदेशमा छन् । स्थानिय स्तरका कालाकार समेत रहेका राजकुमार र तुलसी गाउँघरमा सांस्कृतीक कार्यक्रमहरुमा संगै काम गर्न थालेपछि नजिकिएका थिए । यसै क्रममा उनीहरुको फोनमा कुराकानी गर्ने क्रम पनि बढेको थियो ।

बीस दिन अघि घट्ना स्थल आसपासकै एकान्त स्थलमा दुबैजना मदिरा सेवन पनि गरेका थिए । आफूले अनिच्छा जाहेर गर्दा पनि जवरजस्ती मदिरा खुवाएर राजकुमारले जवरजस्ती करणी गरेको तुलसीको भनाईको छ । त्यसपछि दुवैजनाबीच मनमुटाब सुरु भएको थियो ।

तीन दिन अघि भएको पछिल्लो घटनामा "जरुरी काम छ" भन्दै सोही स्थानमा राजकुमारले बोलाएको तुलसीले बताएकी छिन् । फेरी पनि मदिरा सेवन गराई बलात्कार गर्ने हो कि भन्ने आशंका लागेर

***बाँकी अन्तिम पृष्ठमा***

## 'रामानन्द सिंह थारु संस्कृति विकास तथा संरक्षण अध्ययन केन्द्र तथा थारु संग्रहालय' स्थापना गरिने

**राजविराज**/सप्तरीमा 'रामानन्द सिंह थारु संस्कृति विकास तथा संरक्षण अध्ययन केन्द्र तथा थारु संग्रहालय' स्थापना गरिने भएको छ ।

मधेश प्रदेश सरकार अन्तर्गत उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको चालु वर्षको बजेटमा यस योजनालाई समेटिएको छ । केन्द्रको स्थापना तथा संरचना निर्माणका लागि २५ लाख रुपैयाँ बजेट सुरक्षित गरिएको मन्त्रालयले जनाएको छ ।

थारु समुदायको भाषा, संस्कृति र पहिचानको संरक्षण तथा प्रवर्द्धनका लागि थारु समुदायका सम्मानित अगुवा रामानन्द सिंह थारुको नाममा केन्द्र स्थापना गरिनेछ ।

योजनालाई जनमत पार्टीका अध्यक्ष डा. सीके राउतको पहलमा अगाडि बढाइएको हो । हालसम्म कुनै पनि राजनीतिक दलले थारु समुदायको भाषा र संस्कृतिको संरक्षणमा उल्लेखनीय कदम नचालेको अवस्थामा यो प्रयास ऐतिहासिक मानिएको छ ।

यस केन्द्रमार्फत थारु समुदायको भाषा, कला, परम्परा र इतिहासबारे अध्ययन, अनुसन्धान र प्रदर्शनीका कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय तहमा थारु संस्कृतिको संस्थागत विकासका लागि यो केन्द्रले प्रभावकारी भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

केन्द्र स्थापनाको प्रक्रियाले थारु समुदायमा व्यापक उत्साह र समर्थन उत्पन्न गरेको छ । सप्तरी क्षेत्र नं. १ अन्तर्गत अग्निकृष्णा सबरन गाउँपालिका प्रसवनी निवासी स्व. रामानन्द सिंह थारुले थारु, मधेसी र आदिवासी जनजातिको हक-अधिकारका पक्षमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा उल्लेखनीय योगदान दिएका थिए ।

रामानन्द सिंह थारु थारु कल्याणकारी सभाका संस्थापक सदस्य हुन् । उनी मधेसी तथा थारु समुदायबाट नेपालका पहिलो महान्यायाधिवक्ता बनेका थिए । साथै, संयुक्त राष्ट्रसंघमा नेपालको प्रतिनिधित्व गर्दै थारु र आदिवासी समुदायको मुद्दा अन्तर्राष्ट्रिय तहमा उठाएका थिए ।

उनले २०४७ सालको संविधान निर्माणमा मस्यौदाकारको भूमिका समेत निर्वाह गरेका थिए । सामाजिक परिवर्तनका क्षेत्रमा पनि सिंहको योगदान विशेष रह्यो-पिता-आमाको नाममा २० बिगाहा जमीन दान गरी 'श्री महिकर माध्यमिक विद्यालय' स्थापना, कन्यायौति तथा मासिक कर्म प्रथा अन्त्यमा अग्रसरता, र विवाह संस्कारमा हुने फजुल खर्च विरुद्ध जनचेतना अभियान उनका प्रमुख कार्यहरू हुन् ।

थारु समुदायको इतिहासमा आधारित 'The Real Story of the Tharus' नामक अनुसन्धान पुस्तक लेख्नुका साथै उनले थारु भाषामा गीता, बौद्ध धर्म र अन्य आध्यात्मिक ग्रन्थहरू अनुवाद गरेका छन् । यसले थारु भाषाको साहित्यिक भण्डारमा उल्लेखनीय योगदान दिएको छ ।

थारु भाषा र संस्कृति संरक्षणमा अरु राजनीतिक दलले गम्भीर पहल नगरेको अवस्थामा जनमत पार्टीको नेतृत्वमा स्थापना गरिन लागेको यो अध्ययन केन्द्रले थारु समुदायमा गहिरो सकारात्मक प्रभाव पारेको छ । जनमत पार्टीका अनुसार यो केन्द्र चालु आर्थिक वर्षभित्रै विधिवत रूपमा सञ्चालनमा ल्याइनेछ ।

डिजिटल कारोवारबारे सचेत बनौं ।

**डिजिटल बैंकिङ्गको सुरक्षाका लागिः**

- OTP, पासवर्ड र PIN नम्बर कसैलाई नदिऔं,
- आधिकारिक एप वा वेबसाइटबाट मात्र बैंकिङ सेवा प्रयोग गरौं,
- सार्वजनिक Wi-Fi प्रयोग गरी कारोबार नगरौं,
- अपरिचित व्यक्ति वा फोन कलमार्फत प्राप्त हुने प्रस्तावमा विश्वास नगरौं,
- शंकास्पद लिङ्कमा क्लिक नगरौं,
- मोबाइल वा कम्प्युटरमा सुरक्षित पासवर्ड र एण्टी भाइरस राखौं,
- अनलाइन ठगीको आशंका लागेमा तत्काल सम्बन्धित बैंक वा नजिकको प्रहरीमा खवर गरौं ।

"डिजिटल कारोवार सुरक्षित बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### लोकतान्त्रिक अभ्यास कमजोर

कुनै पनि जनप्रतिनिधिले स्थानिय सरकार सञ्चालन ऐन विपरित समझौता र कार्यादेश दिनु गैरकानुनी हो । पालिकाको योजनामा रहेका बजेट खर्च गर्न नियम कानुन विपरित आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर यस्तो कार्य गर्नु पालिका र त्यहाका जनता बिरुद्ध जानु हो । आर्थिक दायित्व सृजना हुने कुनै पनि सम्झौता कार्यादेश आर्थिक प्रति उत्तरदायी भएको बाहेक अरुले गर्न मिल्दैन् ।

संघीयताको मूल मर्म नै स्थानीय सरकारलाई सशक्त र जनउत्तरदायी बनाउनु हो । तर पछिल्लो समयमा केही स्थानीय तहहरूले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्मविपरीत गतिविधि गर्दै आएको देखिनु चिन्ताको विषय बनेको छ । कानुनको पालना गर्नु पर्ने जिम्मेवारी बोकेको सरकार स्वयं नै जब कानुन उल्लंघन गर्न थाल्छ, तब जनताले विश्वास गर्ने आधार नै कमजोर हुन्छ । केही स्थानीय तहहरूले जनप्रतिनिधिको स्वेच्छाचारी निर्णय, पारदर्शिताको अभाव, आर्थिक अनियमितता, सार्वजनिक सुनुवाइको वेवस्था नअपनाउने, कर्मचारी व्यवस्थापनमा मनपरीजस्ता कार्यहरू गरेर ऐनको भावना मिचिरहेका छन् । यस्ता गतिविधिहरूले स्थानीय शासन प्रणालीमा जनताको विश्वास घटाउँछ र स्थानीय विकास अवरुद्ध हुन जान्छ ।

तसर्थ स्थानीय सरकार सञ्चालन ऐनले स्पष्ट रूपमा योजना निर्माण, बजेट विनियोजन, सेवा प्रवाह, सार्वजनिक सहभागिता, पारदर्शिता, जवाफदेहिता जस्ता विषयमा स्पष्ट निर्देशन दिएको छ । यी कानुनी दायित्वलाई बेवास्ता गर्दै निर्णय लिने प्रवृत्तिले लोकतान्त्रिक अभ्यास कमजोर बनाउँछ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दुई महिना अघि कारागारबाट फरार भएका कैदी पक्राउ

**राजविराज**/दुई महिनाअघि राजविराज कारागारबाट फरार भएका एक कैदी पक्राउ परेका छन् ।

चोरी मुद्दामा धरौटी बुझाउन नसकेर जेल चलान भएका सप्तरीको शम्भुनाथ नगरपालिका वडा नं. ११ घर भएका ३५ बर्षीय रामानन्द मण्डल पक्राउ परेका हुन् ।

बैशाख १५ गते आईतबार मध्यराती कारागारबाट फरार भएका उनी चोरी मुद्दामा २०८१ साल पुष ६ गते देखी पूर्पक्षका लागी राजविराज कारागारमा बन्दी जीवन विताईरहेका थिए ।

पक्राउ परेका मण्डललाई कारागार ऐन २०७९ अनुसार कारागारबाट भागेको कसुरमा समेत विहिवार सप्तरी जिल्ला अदालतबाट ५ दिनको म्याद लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

बैशाख १५ को मध्यरातीमा हवाहुरीसंग भएको वर्षा चटयाँग परेका विद्युत अवरुद्ध भएको मौका छोपेर बेञ्च र टेवललाई जोडेर सिढी बनाई मण्डल फरार भएको जेल प्रशासनले जनाएको थियो ।

कारागारबाट कैदी भाग्दा सुरक्षाको विषयलाई लिएर स्थानीयले प्रश्न उठाइरहेका बेला प्रहरीले बुधवार साँझ मण्डललाई आफ्नै गाउँघरमा लुकि वसेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नायब उपरिक्षक जितेन्द्र कुमार वस्नेतले जानकारी दिए ।

राजविराज कारागार कारागार मुलुकै पुरानो कारागार मध्ये एक हो । कुल २ विगाहा १३ धूर क्षेत्रफल रहेको कारागारको १ विगहा जती जग्गा अतिक्रमणको चपेटामा परेको छ । त्यो अतिक्रमण हटाउने प्रयास कहिंकतैबाट अहिले सम्म भएको छैन् ।

केही बर्षअघि सप्तरीमा भूपेन्द्र थापा प्रमुख जिल्ला अधिकारी हुँदा उनले कारागारको अतिक्रमित जग्गा खाली गर्न सार्वजनिक सूचना निकालेका थिए । तर, थापाको सरुवा भएपछि स्थानिय प्रशासनले त्यतातिर कुनै पहल गर्न सकेको छैन् ।

अहिलेको आधुनिक युगमा पनि कारागार जस्तो सम्वेदनशील स्थानमा सीसीटिभी क्यामेरा, जेनेटर जस्ता उपकरण छैन् । त्यसले सुरक्षामा अझै चुनौती थपेको छ ।

जेनेटर समेत नहुँदा बत्ती गएको बेला टर्च र इमरजन्सी लाईटको भरमा निगरानी गर्नुपर्ने पर्ने बाध्यता रहेको जेल प्रशासनको भनाई छ ।

# एसपी खतिवडाको कार्यकालमा चार सय ४ फरार प्रतिवादी पक्राउदेखी अबैध गाँजा नियन्त्रण तथा त्यसमा संलग्न व्यक्ति पक्राउ

**राजविराज**/सप्तरीका प्रहरी प्रमुख ढकेन्द्र खतिवडाको सप्तरी बसाइका क्रममा अदालतबाट कैद सजाय तोकिएर फरार प्रतिवादी पक्राउदेखी लिएर अबैध गाँजा नियन्त्रण तथा त्यसमा संलग्न व्यक्ति समेत पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी एवं प्रवक्ता जितेन्द्र कुमार बस्नेतले मंगलबार एक विज्ञप्ति जारि गर्दै एसपी खतिवडाको कार्यकालमा सम्पादन गरिएको महत्वपूर्ण एवम् उपलब्धिपूर्ण कार्य सार्वजनिक गर्दै तथ्याङ प्रस्तुत गरिएको छ ।

एसपी खतिवडाको कार्यकालमा ४ सय ४ जना फरार प्रतिवादी पक्राउ गरि सप्तरी जिल्ला अदालतमा पेश गरि २६ लाख ६१ हजार २ सय ५२ जरिवाना असुल तथा १ सय १ वर्ष १० महिना १० दिन कैद भुक्तानका लागि कारागार चलान गरिएको उल्लेख छ ।

त्यस्तै अबैध लागूऔषध गाँजा ६ हजार ६ सय ६६ किलो ९२० ग्राम, अबैध अन्य लागूऔषध ८ सय ७२ पिस, ब्राउन सुगर १.४ ग्राम नियन्त्रणमा लिएको, संलग्न ३५ जना पक्राउ गरि ३१ जनालाई लागूऔषध विरुद्ध मुद्दा चलाएको प्रहरी प्रबक्ता डिएसपी बस्नेतद्वारा जारी प्रेस विज्ञप्तिमा जनाइएको छ ।

यसैगरि अबैध भन्सार चोरी निकासी २ करोड ५८ लाख ६४ हजार ३० रुपैयाँ बराबरको सामान तथा सवारी साधन नियन्त्रणमा लिइ भन्सार कार्यालयमा दाखिला गरिएको र लागूऔषध तर्फ सवारी साधन १३ बटा र अबैध भन्सार चोरी निकासी तर्फ ४६ वडा सवारी नियन्त्रण लिएको विज्ञप्तिमा जनाइएको छ ।

स्थानीय तहहरुको सहकार्यमा जुनियर प्रहरी अधिकृत व्यारेक, प्रहरी हवलदार व्यारेक र प्रहरी जवान व्यारेकमा १० थान एसी जडान गरि संचालन ल्याएको, कार्यालय परिसर भित्र सेवाग्राहीहरुका लागि शौचालय निर्माण कार्य अन्तिम चरणमा रहेको, निवेदन र उजुरी तथा सेवाग्राहीको सहजताको लागि स्थानीय सरकारसंग समन्वय गरि छलफलका लागि २ कोठे भवन निर्माण कार्य भइरहेको, सप्तरी उधोग वाणिज्य संघको सहकार्यमा प्रहरीलाई शुद्ध खानेपानी खुवाउनका लागि ४ थान वाटर केन्ट संचालनमा ल्याएको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

सप्तरी प्रहरी प्रमुखको जिम्मेवारी पाएसंगै सप्तरीकै लागूऔषध गाँजा तस्करीमा संलग्न बुधन मण्डललाई पक्राउ गरेपछि एसपी खतिवडा विवादमा तानिएका थिए । हाल उनको बागमती प्रदेश प्रहरी कार्यालयमा काज सरुवा भएको छ भने सप्तरी प्रहरी प्रमुखको जिम्मा एसपी गौतम केसीले पाएका छन् ।

# मिडिया काउन्सिलका अध्यक्ष दोषि ठहर

**राजविराज**/मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष कमलकुमार उपाध्यायलाई विशेष अदालतले भ्रष्टाचार गरेको अभियोगमा दोषी ठहर गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपाध्याय विरुद्ध गत वैशाख ९ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । विशेष अदालतका अध्यक्ष एवम् न्यायाधीश टेकनारायण कुँवर, सदस्य एवम् न्यायाधीश रामबहादुर थापा र रितेन्द्र थापाको संयुक्त इजलासले उपाध्यायलाई ६ महिना कैद सजाय र १ लाख १७ हजार ५२० रुपैयाँ जरिवाना तिराउने फैसला गरेको हो ।

उपाध्यायले बाराको पचरौता नगरपालिकाको दुई वटा ठेक्काको टेन्डर सूचना राष्ट्रिय स्तरको दैनिकमा प्रकाशन गर्नुपर्नेमा रेकर्डका लागि मात्र दैनिक पत्रिकामा एकप्रति प्रिन्ट गराएर बिल भरपाई बनाइ ३ लाख ५२ हजार ५६० रूपैयाँ हिनामिना गरेको भन्दै आयोगले अदालतमा मुद्दा दायर गरेको थियो ।

नियुक्त भएको दोश्रो दिनमा नै आयोगले उनी बिरुद्ध भ्रष्टाचार गरेको अघियोगमा मुद्दा चलाएपछि निलम्बनमा परेका थिए ।

नगरपालिकासँगको मिलेमतोमा उनले सार्वजनिक खरिद ऐनलाई छलेर विज्ञापन प्रकाशित नगरी आर्थिक अनियमितता गरेका थिए । उपाध्यायको कम्पनी केएस मल्टीपरपोज प्रालीलाई १ लाख १७ हजार ५२० रुपैयाँ जरिवाना गरेको छ ।

उक्त कार्यमा संलग्नता देखिएका नगरपालिकाका

बाँकी पाँच पृष्ठमा

सडकको संरक्षण गरौं।

सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो,

त्यसैले,

- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं,
- निर्माण सामग्री सडकमा नथुपारौं,
- सडकमा सवारी साधन धुने नगरौं,
- सडकका नालीमा अवरोध नगरौं,
- सवारी आवागमनमा वाधा नपुऱ्याऔं।

सडक डिभिजन कार्यालय, लहान, सिरहा

# मौद्रिक नीति केवल घोषणामात्र होइन जनउत्तरदायी रणनीति होस्



**रमेशकुमार बोहोरा**

आर्थिक वर्ष २०८२/०८३ को बजेट संघीय संसदमा प्रस्तुत भइसकेपछि अब व्यवसायी, बैंकर, अर्थशास्त्री र सर्वसाधारणको ध्यान मौद्रिक नीतितर्फ मोडिएको छ । आर्थिक समृद्धि, रोजगारी सिर्जना, उत्पादन प्रवर्द्धन र वित्तीय अनुशासन कायम राख्न मौद्रिक नीतिको भूमिका अपरिहार्य रहन्छ । तर विगत केही वर्षयता मौद्रिक नीतिले न त जनविश्वास जित्न सकिरहेको छ न त अर्थतन्त्रको मूलधारमा निर्णायक सुधार ल्याउन सफल देखिएको छ । यो अवस्था केवल एक नीतिगत कमजोरी नभई समग्र नियामक संयन्त्र, सरकार, बैंक, बजार सम्बन्ध र नीतिगत सोचको गहिरो विचलनलाई प्रतिविम्बित गर्छ ।

नेपालमा मौद्रिक नीतिको परिभाषा अझै घोषणामुखी ढाँचामा सीमित देखिन्छ । हरेक वर्षको नीति सार्वजनिक भएपछि केही दिन चर्चाको केन्द्रमा रहन्छ विश्लेषण र प्रतिक्रिया आउँछन् तर त्यसपछि न त मूल्याङ्कन गरिन्छ न त कार्यान्वयनमाथि संवाद हुन्छ । मौद्रिक नीति आर्थिक पुनरुत्थानको दिशानिर्देशक बन्नुको सट्टा दिशाहीन घोषणापत्रमा सीमित बन्न थालेको छ । मुद्रास्फीति नियन्त्रण, ब्याजदर सन्तुलन, कर्जा प्रवाहको पारदर्शिता र लगानीमैत्री वातावरणको निर्माण जस्ता विषयमा नीतिको मौनता दिनप्रतिदिन झनै स्पष्ट हुँदै गएको छ ।

नेपाल राष्ट्र बैंकद्वारा प्रयोग गरिँदै आएका मौद्रिक उपकरणहरू जस्तै बैंक दर समायोजन, अनिवार्य नगद सञ्चिति अनुपात, ऋण प्रवाह सीमा, चालु खाता घाटाको नियन्त्रण समयसापेक्ष परिमार्जन नहुँदा ती अब अप्रभावकारी बन्दै गएका छन् । बैंकरहरू जोखिम लिन डराउँछन् सहकारीहरू अनियन्त्रितरूपमा चलेका छन् लघुवित्तले चक्रवृद्धि ब्याज लगाएर ऋणभार सिर्जना गरेका छन् । यस्ता प्रतिकूल अवस्थाहरूबीच मौद्रिक नीतिले कुनै प्रभावकारी चासो देखाउन सकेको छैन ।

२०५९/०६० सालदेखि सार्वजनिकरूपमा घोषित मौद्रिक नीति प्रारम्भिक वर्षहरूमा अपेक्षाकृत प्रभावकारी देखिए पनि पछिल्ला वर्षहरूमा त्यसको प्रभावकारिता निरन्तर खस्कँदै गएको छ । मुद्रास्फीति दर ८-९ प्रतिशतसम्म पुगेको अवस्थामा मध्यम र निम्न आय भएका नागरिकको जीवनस्तर प्रभावित भएको छ । खाद्य वस्तु, यातायात, आवासदेखि स्वास्थ्यसम्मको मूल्यवृद्धिले आम उपभोक्ताको क्रयशक्ति घटाएको छ । यसले उपभोग घटाउँछ, उत्पादन घटाउँछ, रोजगारी संकुचित हुन्छ र अन्ततः देशको अर्थतन्त्रमा स्थगनको स्थिति आउँछ । यस चक्रलाई तोड्ने जिम्मेवारी मौद्रिक नीतिको हो तर हालसम्म त्यो जिम्मेवारी निर्वाह हुन सकेको छैन ।

सहुलियत कर्जाको नाममा गरिब, युवा, महिला, विपन्न र सीमान्तकृत वर्गको नाम लिइए पनि व्यवहारमा भने कर्जाको पहुँच सधैं शक्तिशाली, पहुँचवाला र शहरी क्षेत्रका व्यवसायीहरूमा केन्द्रित देखिन्छ । सहुलियत कर्जाले गरिबको जीवनस्तर उकास्न सक्नुको साटो समाजमा असमानता बढाउने माध्यम बनेको छ । मौद्रिक नीतिमा पारदर्शी कार्यान्वयन संयन्त्र, लक्षित अनुगमन र प्रभाव मूल्याङ्कनको संयन्त्र नहुँदा यो चुनौती थप जटिल बनेको छ ।

युवाशक्ति र वैदेशिक रोजगारीबाट फर्किएका लाखौं नेपालीको श्रम, सीप र पूँजीलाई उत्पादनमा प्रयोग गर्ने अवसर मौद्रिक नीतिले तयार गर्न सकेको छैन । उनीहरूका लागि स्टिमुलेसन प्याकेज, सहुलियत ऋण, उत्पादनमूलक उद्यमको लागि अनुदान वा स्टार्टअप प्रवर्द्धन कार्यक्रम मौद्रिक नीतिले समावेश गर्नुपर्ने हो हालसम्म त्यो सम्भव हुन सकेको छैन । बरु बेरोजगारीको चपेटामा परेका ती युवाहरू पुनः विदेशिन बाध्य छन् जसले दीर्घकालीन सामाजिक र आर्थिक संकट निम्त्याउने सम्भावना बलियो बनाएको छ ।

नेपालमा मौद्रिक नीति अझै पनि परम्परागत संरचनाभित्र सीमित देखिन्छ । प्रविधिको युगमा वित्तीय प्रविधि, डिजिटल बैंकिङ, अनलाइन क्रेडिट स्कोरिङ, ब्लकचेन, डिजिटल मुद्रा नियमन जस्ता मुद्दा मौद्रिक नीतिको प्राथमिकतामा पर्नुपर्ने हो । मौजुदा नीतिमा यस्ता विषयहरूलाई औपचारिक र कार्यान्वयनयोग्यरूपमा समेट्ने प्रयास झल्किएको छैन । क्रिप्टो करन्सी जस्तो चुनौतीपूर्ण विषयमा स्पष्ट नीति नहुनु फिनटेक प्लेटफर्मको नियमनबारे दिशानिर्देशन नहुनु वा डिजिटल कारोबारको सुरक्षित प्रवर्द्धन नहुनु ती सबै मौद्रिक नीतिको अदक्षता र ढिलासुस्तीका प्रमाण हुन् ।

त्यसैगरी निष्क्रिय पूँजी र कोषहरू जस्तै नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोष उत्पादनशील क्षेत्रमा प्रवाह हुने गरी उपयोग गर्ने नीति निर्माण हुन सकेको छैन । यस्ता विशाल कोषहरू कृषिमा, पूर्वाधारमा, स्टार्टअप वा लघु उद्यममा लगानी हुने हो भने आर्थिक पुनरुत्थानको मार्ग प्रशस्त हुन सक्थ्यो । न मौद्रिक नीतिले यस्ता प्रस्तावहरू ल्याएको देखिन्छ न त कार्यान्वयन गर्ने निकायमा त्यो इच्छाशक्ति देखिएको छ ।

नेपाल राष्ट्र बैंकको भूमिका केन्द्रीय बैंकको रूपमा सिमित छैन अब यसको भूमिका आर्थिक सन्तुलनकर्ता, पूर्वचेतावनी संयन्त्र सञ्चालनकर्ता र वित्तीय बजारको अभिभावकको रूपमा पुनः परिभाषित गरिनुपर्छ । हालको मौद्रिक नीति सूचनाको पारदर्शिता, जोखिमको पूर्वअनुमान, नीति बजार समन्वय तथा वित्तीय संवादमा कमजोर देखिएको छ । यसले केवल औपचारिक घोषणामै सीमित नीति निर्माण परिपाटीलाई झल्काउँछ ।

नेपालमा योजना आयोग, अर्थ मन्त्रालय र राष्ट्र बैंकबीच नीतिगत समन्वयको गहिरो अभाव छ । बजेटले प्राथमिकता दिएको क्षेत्रलाई मौद्रिक नीतिले समर्थन दिनुपर्ने हो त्यस्तो समन्वय नहुनाले नीति निर्माण नै विरोधाभासपूर्ण देखिन्छ । नीति निर्माणका क्रममा साझा डाटाको अभाव, संयुक्त कार्यान्वयन संयन्त्रको कमजोरी तथा मूल्याङ्कनको सामूहिक प्रणाली नहुनुले नीति नै अव्यवस्थित बनाएको छ ।

नीति निर्माणमा सरोकारवालाको सहभागिता नहुनु अर्को गम्भीर चुनौती हो । निजी क्षेत्र, सहकारी संघसंस्था, श्रमिक प्रतिनिधि, लघुवित्त संस्था, उपभोक्ता समूहजस्ता निकायको सुझाव, आवश्यकता र अनुभवलाई नीतिमा समेट्न नसक्दा मौद्रिक नीति व्यवहारभन्दा अलग्गिएको देखिन्छ । यो नीति केवल केन्द्रीय बैंकका उच्च तहका अधिकारीहरूको निर्णयमा सीमित हुँदै गएको छ ।

यस्ता अवस्थाहरूमा अब आवश्यक छ । मौद्रिक नीति त्रैमासिक समीक्षा प्रणालीमा जानु प्रत्येक नीति, कार्यक्रम वा उपकरणको प्रभाव मूल्याङ्कन गरी तत्काल सुधार गर्न सक्ने 'फीडब्याक लूप' प्रणाली मौद्रिक नीतिमा समावेश गरिनुपर्छ । नीति स्थायित्वको नाममा 'फ्रोजन पालिसी' अपनाउनुले संकट व्यवस्थापन असम्भव बनाउँछ ।

अबको मौद्रिक नीति घोषणापत्र होइन, रणनीतिक दस्तावेज हुनुपर्छ । यसमा विगतको आत्मसमीक्षा, वर्तमानको यथार्थपरक मूल्याङ्कन र भविष्यप्रतिको ठोस योजना समेटिनुपर्छ । मुद्रास्फीति नियन्त्रण, वित्तीय साक्षरता प्रवर्द्धन, सहुलियत कर्जाको लक्षित वितरण, डिजिटल प्रविधिको समुचित प्रयोग, निष्क्रिय पूँजीको उत्पादनशील परिचालन यी सबै विषय समेटिएको समावेशी र उत्तरदायी मौद्रिक नीति अबको आवश्यकता हो ।

अब समय आइसकेको छ कि हामी मौद्रिक नीतिलाई कागजमा सीमित नबनाई नागरिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने आर्थिक यन्त्र बनाऔँ । यसका लागि नेतृत्वको राजनीतिक इच्छाशक्ति, केन्द्रीय बैंकको स्वायत्तता, निजी क्षेत्रको उत्तरदायित्व र नागरिक समाजको सशक्त सहभागिता अपरिहार्य छ । नीति बनाउने हो भने जनताका लागि न कि घोषणाका लागि । त्यसैले अबको मौद्रिक नीति निर्णायक, संवेदनशील र समर्पित बन्नैपर्छ । (लेखक :- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)


## जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय सप्तरीको सूचना

**उद्देश्य :**

- जिल्लामा विद्यमान जलश्रोतको विकास गरि सिंचाइ योग्य जमिनमा बर्षेभरी सिंचाई सेवा बिस्तार गर्ने, गराउने,
- कृषकको सहभागितामुलक अवधारणा अनुरुप उपभोक्ताहरुको संस्थागत विकास गरि सिंचाइ प्रणालीको दिगो व्यवस्थापन गर्ने गराउने,
- सिंचाइ विकाससाग सम्बन्धित प्राविधिक जनशत्ति, उपभोक्ता र गैर सरकारी संघ संस्थाको ज्ञान सिप र संस्थागत कार्य क्षमतामा वृद्धि गर्ने गराउने,
- जिल्लामा किसानद्वारा संचालनमा रहेका साना तथा मझौला सिंचाई प्रणालिहरुको मर्मत सम्भार गरि नहरको दिगो व्यबस्थापनमा किसानहरुलाई सहयोग गर्ने,
- जिल्लाका साना तथा मझौला नदीहरुमा जल उत्पन्न प्रकोपबाट हुने कटान डुबानको व्यबस्थापन तथा नियन्त्रण गरि जल उत्पन्न प्रकोपबाट हुने जनधन तथा कृषि योग्य जमिनको क्षतिलाई न्युनिकरण गर्ने,
- साना तथा मझौला नहरहरूको निर्माण तथा मर्मत सम्भार गर्ने गराउने, सिचांईको माध्यमबाट जिल्लाको समग्र कृषिको बिकासमा योगदान पुऱ्याउने ।

**जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय**
**सप्तरी, राजविराज**

# सबै रोजगारदाताहरु श्रमिकको पक्षमा हुन अनिवार्य

**भरतप्रसाद देवकोटा**

नेपालजस्तो मुलुकमा कमजोर आयस्रोत भएका श्रमिकहरूलाई पूर्णरुपमा सामाजिक सुरक्षा योजनामा सहभागी गराउन सकेमा अबको केही दशकमा नै गरिबी निवारण हुनुका साथै हाल सरकारले वितरण गर्दै आएको सामाजिक सुरक्षा भत्ताहरुसमेत योगदानमा आधारित हुने हुँदा सरकारलाई थप दायित्व पनि नपर्ने हुन्छ ।

श्रम ऐन २०७४ ले श्रमिकको सञ्चयकोष, उपदान, स्वास्थ्य बिमा, दुर्घटना बिमाजस्ता सुविधाहरूको व्यवस्था गरेको छ । साथै सामाजिक सुरक्षा कोष योजना सञ्चालन गरेपश्चात् ती सबै सुविधाहरूको व्यवस्थापन कोषले सञ्चालन गरेका स्किमहरूमार्फत नै हुने व्यवस्था गरिएको कारणले गर्दा कोषमा सहभागिता अपरिहार्य रहन्छ । वि.सं. २०७६ साउन १ देखि सामाजिक सुरक्षा कोषमार्फत नियमित योगदान रकमसमेत सङ्कलन भइरहेको छ । निजीगत सङ्गठित क्षेत्रमा काम गर्ने श्रमिकहरूको पेन्सन तथा बिमाजस्ता विषय जुन थिएनन् त्यसलाई व्यवस्थित गर्नको लागि र श्रम ऐनले श्रमिकका लागि तोकेका सुविधा व्यवस्थापन गर्न सामाजिक सुरक्षा कोषको स्थापना भएको हो ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटीयुसीसी) का अनुसार सबै औद्योगिक क्षेत्र, सेवा क्षेत्र तथा चिया र कृषिमा न्यूनतम पारिश्रमिक निर्धारण गर्दा श्रमिकको परिवारको आधारभूत आवश्यकता पूर्ति गर्न पुग्ने गरी निर्धारण गर्नुपर्ने हो तर रोजगारदाताले बहाना बनाउँदै पछाडि हटेको देखिन्छ ।

वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूसँग सम्बन्धित सामाजिक सुरक्षा कार्यान्वयन वैदेशिक क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि बमोजिम हुने गर्दछ । पहिलो चरणमा देशभित्र औपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई मात्र समेटिने गरी सामाजिक सुरक्षा योजनाहरूको शुरुवात भएको थियो । वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुले सामाजिक सुरक्षा कोषमा योगदान रकम जम्मा गर्दा हाललाई रोजगारदाताले वा सरकारले थप कुनै रकम जम्मा गरिदिने व्यवस्था भने छैन ।

श्रमिकले दुई-दुई वर्षमा पुनः श्रम स्वीकृत लिने क्रममा म्यादी जीवन बिमा भर्ने गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

कोषमा योगदानकर्ताले देशभरका ७१ वटा अस्पतालबाट उपचार सुविधा लिन मिल्ने व्यवस्था रहेको छ । नेपालजस्तो विकासमूलक देशमा सबै क्षेत्रमा समानुपातिक रूपमा विकास भई नसकेको, निजी क्षेत्र नाफामा मात्र केन्द्रित हुने गरेको, साथै निजी क्षेत्रको व्यावसायिक नैतिकता र अनुशासन तथा ग्राहकमुखी दृष्टिकोण पूर्णरुपमा विकास भई नसकेको अवस्था छ । त्यस्तै औद्योगिक क्षेत्रमा राष्ट्रिय, अन्तर्राष्ट्रिय लगानीको विकास भई नसकेको अवस्था छ । यदि नेपालमा सार्वजनिक संस्थानहरूको शुरुवात नभएको भए वर्तमान आर्थिक, सामाजिक क्षेत्रको विकास हुने थिएन ।

जनताको जीवनस्तर अत्यन्त न्यून र कष्टकर बन्ने थियो । प्रविधिमा विश्वले छलाङ मारिरहेको अवस्थामा हामी ढुङ्गे युगको वातावरणमा बस्नुपर्ने अवस्था हुने थियो । लगानीमैत्री वातावरण तयार गरी निजी क्षेत्रलाई समेत राष्ट्रिय विकासमा समाहित गराउने र रोजगारी सिर्जना गर्ने महत्वपूर्ण भूमिका रहन्छ ।

नेपालमा औद्योगिक क्षेत्रका साना, मझौला र ठूला गरी करिब ९ लाख रोजगारदाता प्रतिष्ठान रहेका छन् । हालसम्म सामाजिक सुरक्षा कोषमा २० हजार ३०२ वटा रोजगारदाताहरु प्रतिष्ठानमा सूचीकृत भएका छन् । ती प्रतिष्ठानमा कार्यरत ५ लाख ७१ हजार ९३७ जना आबद्ध भएका छन् । श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षाको सुरक्षा प्रदान गर्ने उद्देश्यले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ कार्यान्वयनमा आएको छ । सामाजिक सुरक्षा कोषले श्रमिकले ११ प्रतिशत र रोजगारदाताले २० प्रतिशत गरी कुल ३१ प्रतिशत रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

पछिल्लो समयमा जर्मनीले नेपालबाट दक्ष तथा अर्धदक्ष नेपाली श्रमिक लिन इच्छा देखाउँदै आएको छ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जर्मनी पक्षसँग नेपाली श्रमिक पठाउन सक्ने सम्भावित क्षेत्रबाट अध्ययन पनि शुरु गरेको छ । यसलाई पनि नराम्रो पक्ष भन्न मिल्दैन ।

नेपालको संविधान २०७२ भाग ३ को धारा ३४ मा श्रमको हक उल्लेख गरिएअनुसार प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक सुविधा र योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भन्ने स्पष्ट व्यवस्था छ । सरकारले उपदान पाउनेबाहेकका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने व्यवस्था गर्ने गरी राजपत्रमा सूचना प्रकाशित गरेको छ । सरकारी सेवाको अस्थायी, करार, ज्यालादारीमा कार्यरत प्रत्येक प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, निगम, बोर्ड, कम्पनी, लिमिटेड, प्राधिकरण र प्रतिष्ठानमा कार्यरतले कोषमा समावेश हुन पाउनेछन् ।

नेपाल सरकारले र सामाजिक सुरक्षा कोषले कम्पनी, लिमिटेड, संस्थानलाई आबद्ध गर्न पहल गरे पनि कतिपय स्वामित्व निकायले ध्यान दिएको देखिँदैन । करार, अस्थायी कर्मचारीको हितमा अघि बढेको देखिँदैन । यसतर्फ नेपाल सरकारको पूर्ण स्वामित्व कम्पनी, लिमिटेडले तत्काल कर्मचारीलाई कोषमा समावेश गराई अघि बढ्नुपर्ने देखिन्छ । योगदान रकम कोषले विभिन्न योजनामा बाँडफाँड गर्नेछ ।

उक्त रकमको एक प्रतिशत औषधि उपचारमा र स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा रहन्छ । दुर्घटना तथा अशक्त सुरक्षा योजनाका लागि १.४० प्रतिशत, परिवार सुरक्षा योजनाका लागि २०.२७ प्रतिशत र वृद्धावस्था र सुरक्षा योजनाका लागि २८.३३ प्रतिशत रहन्छ । योगदानकर्ताले औषधि उपचार, स्वास्थ्य सुरक्षा तथा मातृत्व सुरक्षा सुविधाअन्तर्गत चिकित्सकको परामर्श सेवा पाउँछन् । त्यस्तै अस्पताल भर्ना भई तथा शल्यक्रियाबापतको शुल्क, रोग परीक्षण तथा उपचारबापतको खर्च, औषधिको बिलबमोजिम खर्च पाइन्छ ।

योगदानकर्ताको पत्नी गर्भवती भई नियमित गर्भ परीक्षण गराउँदाको खर्च पनि कोषले उपलब्ध गराउँछ । अस्पताल भर्ना भई प्रसूतिसम्बन्धी शल्यक्रिया वा उपचार गराउँदाको खर्च पनि कोषले बेहोर्नेछ । सुत्केरी भएको ६ हप्तासम्मको सुत्केरीसँग सम्बन्धित खर्च तथा तीन महिनासम्मको शिशुको उपचारबापत खर्च पनि व्यहोर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ । योगदानकर्ता अस्पताल भर्ना भई उपचार गराउँदा लागेको खर्चसम्बन्धी अवस्थालाई सीधै कोषले भुक्तानी गर्नेछ । २०८२ साउन १ देखि सरकारले सम्पूर्ण सार्वजनिक, निजी, औद्योगिक क्षेत्रमा कार्यरत अस्थायी, करार, ज्यालादारी सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सम्बन्धित निकायलाई कानुनीरुपमा कोषमा सहभागी हुनुपर्ने व्यवस्था अनिवार्य गरेको छ । अब सबै श्रमिकहरूको पक्षमा सम्बन्धित निकाय सकारात्मक भई अघि बढ्नेछन् । न्यूज अफ नेपालबाट

# सरकार र न्यायालयको दोहोरो निसानामा नेपाली प्रेस

**रमेश विष्ट**

पछिल्लो समय नेपाली प्रेस गम्भीर संकटमा छ । सञ्चार क्षेत्रले व्यावसायिक चुनौती सामना गरिरहेका बेला अब स्वतन्त्रताको रक्षा गर्ने चुनौती समेत थपिएको छ । सरकार र न्यायालयबाट प्रेसप्रति गरिएको व्यवहारको पछिल्ला दृष्टान्तले नेपाली प्रेसले उपभोग गरिरहेको स्वतन्त्रतामाथि गम्भीर प्रश्नचिह्न खडा गरेको छ । लोकतान्त्रिक शासन व्यवस्थामा प्रेस जगल्ले स्वतन्त्राको चुनौती सामना गर्नु सामान्य विषय मान्न सकिँदैन ।

गत असोजमा सिधाकुरा डटकम नामक अनलाइन सञ्चारमाध्यमले सम्प्रेषण गरेको समाचार सामग्रीविरुद्ध सर्वोच्च अदालत स्वयंले मुद्दा चलायो । सर्वोच्चले मुद्दा मात्र चलाएन, बृहत् पूर्ण इजलास (फुल बेन्च)मा सुनुवाइ गर्‍यो र उक्त अनलाइनका सञ्चालक र सम्पादकलाई जेल सजायसहितको फैसला सुनायो । सञ्चारमाध्यममा प्रकाशित सामग्रीका बारेमा प्रेस काउन्सिल नेपालले छानबिन गर्ने प्रक्रियालाई लत्याउँदै सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासले जेल सजायसहितको फैसला सुनाउनु भनेको नेपाली सञ्चारमाध्यमको स्वतन्त्रता विरुद्धको अदालती नजिर बसाल्नु हो ।

त्यसपछि नेपाल खबर, बिजमान्डु डटकम हुँदै पत्रकार दिलभूषण पाठक र शम्भु श्रेष्ठसम्मको घटना क्रममा आइपुग्दा अदालत र सरकार प्रेसप्रति अनुदार र कठोर रूपमा प्रस्तुत भइरहेका छन् भन्ने बुझ्न कठिन छैन । सञ्चार क्षेत्रसँग असम्बन्धित कानुनहरूको प्रयोग, राज्य संयन्त्रहरूको दुरुपयोग र अदालत स्वयं प्रेस स्वतन्त्रता विरुद्ध अग्रसर हुनुले नेपाली प्रेस राज्य र न्यायालयको दोहोरो निसानामा पर्दै गएको छर्लङ्ग हुन्छ ।

संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चिता गरेको छ । प्रस्तावनामै प्रेस स्वतन्त्रताको विषय उल्लेख गरेर संवैधानिक रूपमा उच्च सम्मान दिएको छ । संविधानमा भएको अधिकार निर्बाध उपभोग गर्ने वातावरण सरकारले निर्माण गर्नुपर्छ । केही गरी सरकारले संवैधानिक हकको उपभोग गर्ने वातावरण निर्माण नगरे वा गर्न नदिए संवैधानिक हकको सुनिश्चिता गर्ने दायित्व न्यायालयको हुन्छ । विडम्बना नै भन्नुपर्छ, पछिल्ला केही घटनाक्रमलाई विश्लेषण गर्ने हो भने सरकार र न्यायालय सल्लाह गरेरै प्रेस स्वतन्त्रताविरुद्ध कठोर बनिरहेको जस्तो देखिन्छ ।

नेपालको राजनीति, निजामती प्रशासन, सुरक्षा निकाय आदिमा समस्या भएजस्तै प्रेस जगत्मा पनि समस्या नभएको होइन । प्रेस जगत्मा भएका समस्यालाई समाधान गर्ने र स्वतन्त्र, निष्पक्ष र व्यावसायिक पत्रकारिताको वातावरण निर्माण गर्ने मुख्य दायित्व सरकारको हुन्छ । त्यसका लागि समयसापेक्ष प्रेस कानुन, नीति र संरचना आवश्यक हुन्छन् । संविधान निर्माण भएको लामो समयसम्म संसद्बाट आवश्यक प्रेस कानुनको निर्माण हुन सकेको छैन भने आवश्यक संरचनाहरूको समेत स्थापना भएका छैनन् । यसले सरकार प्रेस क्षेत्रप्रतिको दायित्वबाट विमुख भएको दर्शाउँछ ।

भएकै कानुन र संरचनाहरूलाई व्यवस्थित र गतिशील बनाउने कुरामा पनि सरकारको गम्भीरता देखिँदैन । प्रेस काउन्सिल सहितका संस्थाहरूको पुनः संरचना नहुँदासम्म मौजुदा संरचनाबाटै यस क्षेत्रका कैयौं समस्या समाधान गर्न सकिने विकल्पलाई कहीँकतै गम्भीरतापूर्वक लिएको देखिँदैन । बरु काउन्सिलको क्षेत्राधिकार मिचेर प्रहरी र अदालतबाट प्रेस स्वतन्त्रताको हनन गर्ने काम उत्कर्षमा पुगेको छ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि भन्दै स्थापना भएका संघसंगठन निरीह र कमजोर देखिन्छन् । दल र नेता विशेषको स्वार्थपूर्तिको साधन बनेका त्यस्ता संगठनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मर्मलाई गहिरोसँग बुझेको देखिँदैन । सरकार र न्यायालयबाट शृंखलाबद्ध ढंगबाट प्रेस जगत्को अधिकारमाथि अतिक्रमण भइरहँदा प्रेस स्वतन्त्रताका लागि भन्दै खुलेका संघ-संगठन र निकाय उदासीन बन्दा समस्या थप जटिल बन्दै गएको देखिन्छ ।

प्रेस स्वतन्त्रताको सम्मान र संरक्षण गर्नु सरकार र राजनीतिक दलहरूको प्राथमिकताको विषय बन्नुपर्छ । सरकारमा हुँदा प्रेसप्रति अनुदार हुने र नहुँदा प्रेस स्वतन्त्रताको हिमायतीका रूपमा प्रस्तुत हुने प्रवृत्ति राजनीतिक दलहरूमा देखिन्छ । दलहरूको यो दोहोरो चरित्रले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक संकटमा पर्दै आएको छ । विडम्बना नै भन्नुपर्छ, माउले आफ्ना बच्चाहरू संकटमा पर्दा सुरक्षाका लागि जसरी ढाक्छ, त्यसरी नै प्रेस स्वतन्त्रतामाथि आक्रमण हुँदा अदालतले संरक्षण दिनुपर्नेमा, ऊ आफैं प्रेस स्वतन्त्रताविरुद्ध मुद्दा चलाउने र कठोर आदेश दिने कुरामा अतिरिक्त अग्रसर भइरहेको छ । यस्तो अवस्थामा नेपाली प्रेस सरकार र न्यायालयको दोहोरो निसानामा परेको देखिन्छ । रातोपाटीबाट


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

अनुरोधकर्ता
डाक्नेश्वरी नगरपालिका, सप्तरी

# जनप्रतिनिधिले स्थानिय सरकार सञ्चालन ऐन विपरित समझौता र कार्यादेश दिए

**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिकामा वडा नं. २ का जनप्रतिनिधिले स्थानिय सरकार सञ्चालन ऐन विपरित समझौता र कार्यादेश दिएका छन् ।

पालिकाको योजनामा रहेका बजेट खर्च गर्न नियम कानुन विपरित आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर वडा २ का अध्यक्ष दुर्गानन्द भगतले बजेट खर्च गर्न नियम विपरित सम्झौता गर्दै कार्यादेश दिएका हुन ।

ट्राफिक बजार युवा खेलकुद सञ्चालन समिति शम्भुनाथ २ को नाममा वडा समितिको मिति २०८१ असोज ६ गतेको बैठकको निर्णयानुसार असोज ७ मा अधारभुत विधालय कनकपट्टी ट्राफिक बजारको खेल मैदानमा तेस्रो पञ्च शिल्ड फूटवल प्रतियोगिता सञ्चालनका लागी एक लाख रुपियाँ भित्र रहि काम सम्पन्न गर्न वडाअध्यक्ष भगतको हस्ताक्षर सहित दिइएको कार्यादिशमा भनिएको छ ।

वडाअध्यक्ष भगतले सोही मितिमा खेलकुद सञ्चालन समिति अध्यक्ष सुनिलकुमार चौधरीसंगको सम्झौतापत्रमा वडा कार्यालयको तर्फबाट हस्ताक्षर गरेको र २०८१ असोज २१ मा कार्य सम्पन्न भएको भन्दै भुक्तानीका लागि शम्भुनाथ नगरपालिकाको नाममा सिफारि समेत दिएको कागज सार्वजनिक भएको छ ।

यस्तै, वडाअध्यक्ष भगतले दैनिक ज्यालादारीमा कार्यालय सहयोगी समेत नियुक्त गरेको कागज सार्वजनिक भएको छ ।

नगर कार्यपालिकाको कार्यालयको तर्फबाट २०८१ असोज ११ गते सोही नगरपालिका वडा नम्बर २ घर भएका महेन्द्र कुमार चौधरीसँग शर्तसहितको कार्य सम्झौता गर्दै वडाध्यक्ष भगतले कर्मचारी नियुक्ति गरेको प्रमाण सार्वजनिक भएको हो ।

दैनिक ज्यालादारीमा काम गरे बापत दोस्रो पक्ष चौधरीले कार्यालयमा उपस्थित भई काम गरेको दिन मात्र दैनिक रुपमा ६६८ रुपियाँका दरले प्रथम पक्षरले भुक्तानी गर्ने शर्तमा कर्मचारी नियुक्त गरेको वडाध्यक्ष भगतले हस्ताक्षर गरेको सम्झौतापत्रमा उल्लेख छ ।

यस सम्बन्धमा वडाअध्यक्ष भगतसँग प्रतिक्रिया लिंदा उनले कार्यालयले सम्झौता गरेको बताए । आर्थिक कारोवार नगरबाट हुने गरेको र व्यवस्थापन मिलाउने जिम्मेवारी आफूलाई दिएकाले कम गर्न भनेको उनको भनाई छ । यद्यपी कार्यादेश र समझौतापत्रमामा वडाध्यक्ष भगतले नै हस्ताक्षर गरेको पाइएको छ ।

शम्भुनाथ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिमोहन सुतिहारले योजनाको कार्यादेश वडाध्यक्षले दिन नमिल्ने बताए । आर्थिक दायित्व सृजना हुने कुनै पनि सम्झौता कार्यादेश आर्थिक प्रति उत्तरदायी भएको बाहेक अरुले गर्न नमिल्ने उनको भनाई छ ।

## दुई मोटरसाईकल ठोक्किदा दुई जनाको मृत्यु

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित भलुवा जाने सडक खण्डमा गत आइतबार दुई मोटरसाईकल एक आपसमा ठोक्किदा दुई जनाको मृत्यु भएको छ भने एक जना घाईते भएका छन् ।

बिहान ६ बजे कंकालिनी मन्दिरबाट भलुवातर्फ जाँदै गरेको को.१०प. ५६२ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आइरहेको बा.५५प. ६६३९ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किएर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका बा.५५प.६६३९ नम्बर मोटरसाइकल चालक शम्भुनाथ नगरपालिका ११ स्थित राजपुर घर भएका १९ वर्षीय अविनाश मण्डलको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचारका क्रममा मृत्यु भएको हो ।

त्यसैगरी को.१०प.५६२ नम्बर मोटरसाइकलका चालक कंचनरुप नगरपालिका १ बैरवा निवासी ३४ वर्षीय ओम प्रकाश पंजियारको विराटनगरस्थित न्युरो अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

दुर्घटनामा सोही मोटरसाइकलमा पछाडि सवार कञ्चनरुप १ का ३० वर्षीय सुभाष महतो सामान्य घाइते भएका थिए । उनलाई उपचारपछि न्युरो अस्पतालबाट डिस्चार्ज गरिएको प्रहरीले जनाएको छ ।

दुर्घटनाग्रस्त दुवै मोटरसाइकल नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक काफ्ले बताए ।

## ट्याक्टरले चेपिएर चालकको मृत्यु

**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा सोमबार भएको ट्याक्टर दुर्घटनामा ट्याक्टर चालकको मृत्यु भएको छ ।

तिलाठी कोइलाडी गाउँपालिका २ लौनियाबाट दामावत्तितर्फ जाँदै गरेको स.१त. ६७०० नम्बरको ट्याक्टर पल्टिदा चालक सोही वडा निवासी देवेन्द्र प्रसाद साहको मृत्यु भएको हो ।

प्रहरीका अनुसार ट्याक्टरले चेपिएर गम्भिर घाइते भएका ३८ वर्षिय साहलाई प्रहरीले उद्दार गरि उपचारका लागि स्थानिय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

*मिडिया...*

निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामप्रसाद यादवलाई पनि ६ महिना कैद सजाय र १ लाख १७ हजार ५२० रुपैयाँ जरिवाना गराउने फैसला गरेको छ ।

नगरपालिकाका लेखापाल हासिम मिया अन्सारीले प्रमुख प्रशासकीय अधिकृतको आदेश अनुसार भुक्तानी मात्रै दिएको तर उनी विरुद्ध ठोस एवम् वस्तुतिष्ट प्रमाणबाट दोषी पुष्टि नभएपछि उनलाई सफाई दिएको छ ।


## जनहितमा जारी जरुरी सूचना

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरूको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,

-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौ ।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
-सडकमा सवारी साधन धुने, परवाल्ने काम नगरौं ।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरुद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरू, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
-बाढीपहिरो तथा अन्ड कारणबाट सडक तथा संरचनाहरु अवरुद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।

पूर्वाधार विकास कार्यालय, सप्तरी


# अन्तर्राष्ट्रिय समाचार

## फ्रान्समा सार्वजनिक स्थानमा धूम्रपान प्रतिबन्ध

**पेरिस**/फ्रान्सले आगामी आइतबारदेखि समुद्री किनार, पार्क, सार्वजनिक बगैँचा तथा बस प्रतीक्षालय (बस स्टप) जस्ता सार्वजनिक स्थानहरूमा धूम्रपान पूर्ण रूपमा प्रतिबन्धित गर्ने घोषणा गरेको छ । शनिबार सरकारी गजेठमा प्रकाशित नयाँ आदेशअनुसार यो प्रतिबन्ध पुस्तकालय, पोहोर पोखरी (स्विमिङ पूल) तथा विद्यालयबाहिरको क्षेत्रमा पनि लागू हुनेछ ।

स्वास्थ्यमन्त्री क्याथरिन भोत्रिनले यसअघि मे महिनामा बालबालिकालाई निष्क्रिय धूम्रपान (प्यासिभ स्मोकिङ) बाट जोगाउन यस्तो निर्णय आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो, "जहाँ बालबालिका हुन्छन्, त्यहाँबाट चुरोट हट्नुपर्छ । बालबालिकालाई शुद्ध हावा सास फेर्ने अधिकार छ ।"

यो नियम इलेक्ट्रोनिक चुरोट (ई-सिगरेट) मा लागू हुने स्पष्ट गरिएको छैन भने क्याफेहरूको बाहिरी टेरेसमा भने धूम्रपान गर्न पाइनेछ । नियम उल्लंघन गर्ने व्यक्तिलाई १३५ युरो (करिब १५८ अमेरिकी डलर) जरिवाना तिर्नुपर्नेछ ।

फ्रान्समा प्रत्येक वर्ष करिब ७५ हजार मानिसको मृत्यु धूम्रपानसम्बन्धी रोगका कारण हुने अनुमान गरिएको छ । हालै गरिएको जनमत सर्वेक्षणअनुसार ६२ प्रतिशत फ्रेन्च नागरिकले सार्वजनिक स्थानमा धूम्रपान प्रतिबन्धलाई समर्थन गरेका छन् । एजेन्सी

## पाकिस्तानको उत्तर वज़ीरिस्तानमा आत्मघाती आक्रमण, सुरक्षाकर्मी र बालबालिका प्रभावित

**पाकिस्तान**/पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्तको उत्तर वज़ीरिस्तान जिल्लामा आज भएको एक आत्मघाती आक्रमणमा परी १६ जना सुरक्षाकर्मीले ज्यान गुमाएका छन् भने तीस जना भन्दा बढी व्यक्ति घाइते भएका छन् । घाइतेहरूमा सर्वसाधारण, प्रहरी कर्मचारी र बालबालिकासमेत रहेका छन् ।

स्थानीय प्रशासनका एक अधिकारीका अनुसार, विस्फोटक पदार्थले भरिएको सवारी साधन एक सैनिक गाडीको समूहमा ठोक्किएको थियो। प्रारम्भमा १३ जनाको मृत्यु भएको बताइएको भए पनि पछिल्लो विवरणअनुसार १६ जनाको ज्यान गएको पुष्टि गरिएको छ ।

विस्फोटको कारणले नजिकका दुईवटा घरका छाना भत्किँदा छ जना बालबालिका घाइते भएको प्रहरी स्रोतले जानकारी दिएको छ ।

यो आक्रमणको जिम्मेवारी हाफिज गुल बहादुर समूह अन्तर्गतको आत्मघाती हमला समूहले लिएको बताइएको छ, जुन पाकिस्तानमा क्रियाशील एक सशस्त्र संगठन हो ।

सन् २०२१ मा अफगानिस्तानमा तालिबान पुनः सत्तामा पुगेपछि पाकिस्तानका सीमावर्ती क्षेत्रमा हिंसात्मक घटनाहरूमा तीव्र वृद्धि भएको छ । पाकिस्तानले यस्ता आक्रमणहरूका लागि अफगान भूमि प्रयोग भएको आरोप लगाउँदै आएको छ, यद्यपि अफगान सरकारले उक्त आरोप अस्वीकार गर्दै आएको छ ।

एएफपीको सङ्कलन अनुसार, सालको सुरुदेखि अहिलेसम्म खैबर पख्तुनख्वा र बलुचिस्तान प्रान्तमा भएका विभिन्न हिंसात्मक घटनामा झण्डै २९० जनाले ज्यान गुमाइसकेका छन्, जसमा अधिकांश सुरक्षाकर्मी रहेका छन् । एजेन्सी

## गाजामा भएको इजरायली आक्राणमा ३९ जना प्यालेस्टिनीको मृत्यु

**गाजा**/उत्तरी, मध्य र दक्षिणी गाजा पट्टीका धेरै क्षेत्रहरूमा इजरायलले गरेका हवाई आक्रमणमा कम्तिमा ३९ जना प्यालेस्टिनीहरूको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको जनाइएको छ ।

मध्य गाजा सहरको सामेर जङ्क्सन नजिकैका दुईवटा अपार्टमेन्टलाई लक्षित गरी भएको इजरायली आक्रमणमा १३ जना नागरिकको मृत्यु हुनुका साथै अन्य घाइते भएको चिकित्सा स्रोतहरूले बताएको छ । मध्य अल-रिमलको अल-थावरा स्ट्रिट स्थित अर्को आवासीय भवनमा भएको आक्रणमा एक आमा र छोराको मृत्यु भएको जनाइएको छ ।

सहरको पश्चिममा रहेको प्यालेस्टाइन जङ्क्सन नजिकै इजरायलले विस्थापित मानिसहरूको शिविरमा बम प्रहार गर्दा दस प्यालेस्टिनीहरूको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको जनाइएको छ । गाजा पट्टीको उत्तरमा जबालिया अल-बलादको दर्दुना जङ्क्सन नजिकैको घरमा भएको आक्रमणमा अन्य १० जनाको मृत्यु भएको उल्लेख गरिएको छ ।

खान युनिसको अघिल्लो बम विस्फोटमा घाइते भएका एक प्यालेस्टिनीको मृत्यु भएको जनाइएको छ । खान युनूसको विस्थापितहरुको शिविरमा भएको इजरायली ड्रोन आक्रमणमा दुई बच्चासहित अन्य तीन जनाको मृत्यु भएको जनाइएको छ । एजेन्सी

# राजविराज रोयल्सले जित्यो महिला लिग क्रिकेटको उपाधि




**राजविराज**/राजविराजमा सञ्चालित दोश्रो संस्करणको मेयरकप महिला क्रिकेट लिग प्रतियोगिताको उपाधि राजविराज रोयल्सले हात पारेको छ ।

पविमाविको खेलमैदानमा शनिवार सम्पन्न भएको फाइनल खेलमा खडक क्वीन्सलाई ५ विकेटले पराजित गर्दै राजविराज रोयल्सले उपाधि माथि कब्जा जमाएको हो ।

टस जितेर ब्याटिङ थालेको खडक क्वीनसले निर्धारित २० ओभरको खेलमा ७ विकेटको क्षतिमा १ सय २९ रनको योगफल तयार पारेको थियो । खडकको तर्फबाट ममता चोधरीले ६२, टिका साहले ३७ तथा अलिसा यादवले १८ रनको योगदान दिएका थिए ।

बलिङतर्फ राजविराज रोयल्सका लागि अपेक्षा यादवले २ तथा साक्षी यादव र शिवानी साहले १/१ विकेट लिनुभयो । खडक क्वीन्सका तीन खेलाडी रन आउन भएका थिए ।

१ सय ३० रनको विजयी लक्ष्य लिएर मैदानमा ओर्लेको राजविराज रोयल्स ८ बल बाँकी रहँदै ५ विकेटको क्षतीमा विजयी लक्ष्य प्राप्त गरे ।

राजविराज रोयल्सका लागि चर्चित राष्ट्रिय खेलाडी अपसरी बेगमले ४२ बलको सामना गर्दै ११ चौका सहित सर्वधिक ६२ रनको योगदान दिए । यस्तै अपेक्षा यादवले ३३ र चाँदनी खातुनले १२ रनको योगदान दिइन् । बलिङतर्फ खडक क्वीन्सकी भुमि सिंह २ तथा सुस्मिता यादव र मोनिका साहले समान १/१ विकेट लिए भने एक जना खेलाडी रन आउट भएका थिए ।

फाइनल खेलको ओम्यान अफ द म्याच विजेता टिमकी अपसरी वेगम घोषित भइन् ।

प्रतियोगिता समाप्ति पछि आयोजित पुरस्कार वितरण समारोहमा प्रमुख अतिथि राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीन, क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठ लगायतले विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरिन ।

राजविराज नगरपालिका, सबल नेपाल, सेभ द चिल्ड्रेन, एमसिसी फाउण्डेसन, बेल्थ हगर हिलफेको सहयोग तथा मधेश प्रदेश क्रिकेट संघ र सप्तरी क्रिकेट संघको प्राविधिक सहयोगमा संचालित प्रतियोगितामा राष्ट्रिय तथा प्रदेश स्तरका खेलाडी सम्मिलित ३ वटा टिमको सहभागिता थियो ।

# राजविराज नगरपालिकाका कर्मचारीहरू काममा फर्किए

**राजविराज**/गत जेठ २७ गतेदेखी आन्दोलनमा रहेका राजविराज नगरपालिकाका कर्मचारीहरू काममा फर्किएका छन् ।

नगरपालिका कर्मचारी एशोसिएसन, इकाई समिति राजविराजकी अध्यक्ष कल्पना देवले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै असार मसान्तलाई ध्यानमा राखी कर्मचारीहरू शुक्रबारदेखि नियमित काममा फर्किएको जानकारी दिएकी छिन् ।

विज्ञप्तिमा साउनको पहिलो सातामा कर्मचारीहरूको मागबारे पुनः सुनुवाइ गरिने कार्यपालिका बैठकको निर्णयले कर्मचारी पक्ष सन्तुष्ट भएको जनाइएको छ । 'कार्यपालिका बैठकमा हाम्रो जायज मागहरूप्रति देखाइएको चासोलाई हामी सकारात्मक पहलको रूपमा लिन्छौं', विज्ञप्तिमा भनिएको छ, 'साउनको पहिलो साताभित्र कानून बमोजिम मागहरू सम्बोधन गर्ने, क्षतिपूर्ति उपलब्ध गराउने तथा दोषीमाथि आवश्यक कारबाही गर्ने प्रतिबद्धता गरिएको छ ।'

अध्यक्ष देवद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'असार मसान्तमा भुक्तानीलगायतका काम प्रभावित नहोस् भन्ने कार्यपालिकाको आग्रहलाई सम्मान गर्दै सम्पूर्ण संघर्षका कार्यक्रमहरू तत्कालका लागि स्थगित गरिएको छ । तोकिएको समयभित्र माग पूरा नभए पुनः संघर्षका कार्यक्रम घोषणा गरिनेछ ।'

राजविराज नगरपालिकाका निलम्बित मेयर भिमराज यादव समूहले कर्मचारीमाथि कुटपिट, लुटपाट र दुर्व्यवहार गरेको आरोप लगाउँदै कर्मचारीहरू २ हप्तादेखि पेनडाउन गर्दै धर्नामा बसेका थिए । उनीहरूले दोषीमाथि कानूनी कारबाही, लुटिएको सम्पत्ति फिर्ता, घाइतेहरूको उपचार खर्च र सुरक्षाको ग्यारेन्टी दिन माग गरेका थिए ।

# सिचाईका लागि जडान गरिएको थ्री फेज कृषी विद्युतीकरणको ट्रान्सफर्मर तोडफोड

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाले वडा नं. ६ अन्तरगत सिचाईका निम्ति किसानहरुका लागि लगाइएको थ्री फेज कृषी विद्युतीकरणको एक सय केभिएको ट्रान्सफर्मर शनिबार मध्यराती तोडफोड गरि खेतमा फ्यालिएको अवस्थामा फेला परेको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले शुभारम्भ गरेको थ्री फेज कृषी विद्युतिकरण कार्यको चार दिन नबित्दै शनिबार मध्य राती विद्युतको ट्रान्सफर्मर तोडफोड गरिएको पाइएको हो ।

पालिकाका नगरप्रमुख बिरेन्द्र माझीले किसानहरुका लागि जडान गरिएको ट्रान्सफर्मर तोडफोड गरि खेतमा फ्यालिएको घटनाप्रति दुःख व्यक्त गर्दै प्रहरीले घटनको अनुसन्धान थालेको जानकारी दिए ।

"राती ११/१२ बजेसम्म किसानहरुले मोटरबाट खेतमा सिंचाई गरे" नगर प्रमुख माझीले भने, "मध्यरातीको २/३ बजेतिरको घटना हुनसक्छ, मैले बिहान ७ बजेतिर मात्र जानकारी पाएको हुँ।"

गत बुधवार मात्र मुख्यमन्त्री सिंहले थ्री फेज कृषी विद्युतिकरण कार्यको शुभारम्भ गरेका थिए । कृषिमा उत्पादन वृद्धि र सिंचाइको सुविधा सहज बनाउने उद्देश्यले नगरपालिकाभित्रको वडाहरू २, ५, ६, ७ र ८ का हजारौं कृषकहरूलाई लाभ पुग्ने अपेक्षा गरिएको छ ।

उक्त विद्युतिकरण कार्यले ती क्षेत्रका कृषकहरूले डिजेलपम्पमा निर्भर हुनु नपर्ने नगरप्रमुख माझीले बताउँदै सिंचाइका लागि आवश्यक पर्ने विद्युत महसुल नगरपालिकाले नै व्यहोर्ने जनाए ।

थ्री फेज विद्युतिकरणपछि किसानले सहज रूपमा मोटरपम्प चलाउन सक्ने र समयमै खेतमा पानी पुर्‍याउन सक्ने भएकाले उत्पादनमा उल्लेख्य वृद्धि हुने आशा गरिएको छ ।

# एसईईको नतिजा सार्वजनिक, ६१.८१ प्रतिशत विद्यार्थी उत्तिर्ण

**राजविराज**/एसईई २०८१ को नतिजा शुक्रबार साँझ सार्वजनिक भएको छ । जसमा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले गत २०८१ सालको चैत ७ गतेदेखि १९ गतेसम्म सञ्चालन भएको एसईईमा नियमिततर्फ ४ लाख ३१ हजार ४६६ र ग्रेड वृद्धितर्फ ६७ हजार ७१५ गरी जम्मा ४ लाख ९९ हजार १८३ विद्यार्थी सहभागी भएको बताए ।

सार्वजनिक गरिएको नतिजा अनुसार ४८ हजार १७७ जना विद्यार्थीले ३.६ देखि ४.० जिपिए ल्याएका छन् । त्यस्तै ३.२ देखि ३.६ जिपिए ल्याउने ८१ हजार ३८५ जना, २.८ देखि ३.२ जिपिए ल्याउने ८९ हजार १२४ जना, २.४ जिपिए देखि २.८ जिपिएसम्म ल्याउने ४८ हजार ४७९ जना, २ जिपिएदेखि २.४ जिपिए ल्याउने चार हजार १२६ जना र १.६ देखि २ जिपिए ल्याउने ८ जना विद्यार्थी वर्गीकृत भएका छन् ।

१२६ जना परीक्षार्थीको परीक्षा रद्ध गरिएको बोर्डका अध्यक्ष डाक्टर महाश्रम शर्माले जानकारी दिए । १ लाख ६७ हजार ५९७ विद्यार्थीको नतिजा अवर्गिकृत भएको छ ।

# महिलाहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले सिलाई मेशिन वितरण

**राजविराज**/महिलाहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले बुधबार सप्तरीको विष्णुपुर गाउँपालिकामा सिलाई मेशिन वितरण गरिएको छ ।

स्थानिय वडा नं. ६ का ३२ जना महिलाहरुलाई ७५ दिन सिलाई कटाई सम्बन्धी सीपमूलक तालिम दिएर गाउँपालिकाले सिलाई मेशिन उपलब्ध गराएको हो ।

गाउँपालिका परिसरमा सिलाई मेशिन वितरण गर्दै अध्यक्ष उमेशप्रसाद यादवले पालिका भित्रका महिलाहरुलाई सीप दिई स्वरोजगार बनाउन मेशिन उलब्ध गराइएको बताए । उनले २५९ जना स्थानिय महिलाहरुलाई अत्मनिर्भर बनाउन सिलाई मेशिन उपलब्ध गराईने बताउँदै बुधबार ३२ जनालाई उपलब्ध गराईएको जानकारी दिए ।

बेरोजगारी समस्याले देशै अक्रान्त बनेको बेला गृहणी महिलाहरु घरमै बसेर कपडा सिलाई गरी थोरै आम्दानी गर्न लागेपछि घर परिवारमा आर्थिक अभावकै कारण आउने गरेको स-साना समस्या समाधान हुने विश्वास व्यक्त गरे ।

*हत्याको आरोपमा ...*

सुरक्षाका लागु चक्कु लुकाएर त्यहाँ पुगेको बताईएको छ ।

त्यहाँ पुगेपछि मदिरा सेवन गर्न राजकुमारले दवाव दिएको तर, आफूले मदिरा सेवन गरेको नाटक गर्दै ग्लासमा हालिएको सबै मदिरा लुकाएर खन्याइ दिएको उनको भनाई छ ।

मदिरा सेवन गरि लठ्ठ भएका राजकुमारले बलात्कारको प्रयास गर्न थालेपछि आफूले लुकाई राखेको चक्कु निकालेर छाती र घाँटीमा प्रहार गरेको तुलसीले बताएकी छिन् ।

चक्कु प्रहारबाट राजकुमारको मृत्यु भएपछि घट्नास्थलबाट करिव ५० मिटर सम्मको दुरीमा घिसारेर पोखरी डिलमा पुर्याई तुलसी भागेको प्रहरी अनुसन्धानले देखाएको छ । घट्नाको अनुसन्धान गर्न मधेश प्रदेश प्रहरी कार्यालयबाट डग स्क्वाड टोली ल्याएर पनि अनुसन्धान गरिएको थियो ।

तर त्यसबाट खासै संकेत फेला पर्न सकेन । प्रहरी नायव उपरीक्षक बस्नेत नेतृत्वको अनुसन्धान टोलीले विभिन्न कोणबाट हत्याको अनुसन्धान थालेपछि घट्नाको तीन दिन भित्रै अभियुक्तको पहिचान सम्भव भएको हो ।


## कृषिमा आधुनिकीकरण गरौं ।

- कृषिमा आधुनिक प्रविधिको प्रयोग गरौं,
- बैज्ञानिक खेती पद्दतीको विकास गरौं,
- उन्नत बीउ र जैविक मलको प्रयोग गरौं,
- सिँचाइ प्रणालीमा सुधार गरौं,
- सिँचाइ नभएको स्थानमा बोरिङ्ग र पम्पसेट प्रयोग गरी सिंचाइ गरौं,
- परम्परागत विषादीको प्रयोग गरी किराफट्याङ्ग्रा नियन्त्रण गरौं,
- बजार ब्यवस्थापन प्रणालीको विकास गरौं,
- कृषक समूहमा आवद्ध भई ज्ञान आदान–प्रदान गरौं,
- कृषि प्राविधिकको सहयोग र सल्लाह लिने गरौं ।

"कृषि क्षेत्रमा आत्मनिर्भर बनौं"

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*